समाचार
नागरिक बुधबार ५ असोज २०७९

# पाँच वर्षका संसद् बैठक कति प्रभावकारी

नागरिक संवाददाता
*काठमाडौं, असोज ४*

प्रतिनिधिसभाको कार्यकालभर कुल ३ सय ६२ वटा बैठक बस्दा १ सय २ वटा विधेयक पारित भएका छन्। तुलनात्मक रूपमा यो विधेयक पारित संख्यालाई राम्रो मानिए पनि पहिलो कार्यकालदेखि १२ औं अधिवेशनसम्म आइपुग्दा संसद्ले धेरै काम गर्न सकेको छैन। संसद्लाई सरकारले प्रत्यक्ष छायामा पारेको देखिन्छ।

'संसदीय समितिले पनि महत्त्वपूर्ण विषयमा काम गर्न सकेको देखिँदैन। समितिमा नै धेरै विधेयक अलपत्र परेका हुन्,' प्रतिनिधिसभाको एक समितिका सभापतिले बताए। 'धेरै विधेयक संसद्को सुरुवाती समयमा आएका थिए। तर जब तत्कालीन नेकपा पार्टीभित्र विवाद सृजना भयो, त्यसपछि संसद्मा नयाँ विधेयक दर्ता भएनन्। दर्ता भएका विधेयक धेरै पारित भए पनि नयाँ आवश्यक विधेयक दर्ता भएकाले सरकारले नै संसद्लाई अघि बढाउन नखोजेको देखिन्छ,' संसद् सचिवालयका एक अधिकारीले भने। उनका अनुसार संसद्मा रहेका विधेयकहरू मध्ये १५३ विधेयक दर्ता भएका थिए भने ११ विधेयक फिर्ता भएका थिए। तीमध्ये केही राष्ट्रियसभामा दर्ता भएका पनि करिब तीन दर्जन छन्। बाँकी १ सय २ विधेयक पारित गर्नुलाई नराम्रो भने मान्न मिल्दैन।

संघीय निजामती विधेयक, मानव अधिकार विधेयकजस्ता महत्त्वपूर्ण विधेयकलाई संसद्ले सहमतिका साथ पारित गर्न सकेन। पछिल्लो अधिवेशनमा मात्रै धेरै विधेयक पारित भएका छन्। प्रथम अधिवेशन २०७४ साल फागुन २१ गते बसेर २०७४ चैत २२ गते अन्त्य भएको हो। यो अधिवेशनमा ११ बैठक बसेका थिए। पहिलो अधिवेशनपछि दोस्रो अधिवेशनमा २३ विधेयक पारित भएका थिए। पछिल्लो अधिवेशनमा ३० वटा विधेयक पारित भएका थिए। पहिलो अधिवेशन २०७४ फागुन २१ मा सुरु भई २०७४ चैत २२ गते अन्त्य भयो। कुल ११ बैठक बसेको यो अधिवेशनमा कुनै पनि विधेयक पारित भएनन्। २०७५ वैशाख २३ गते सुरु भई २०७५ असोज ११ गते सकिएको दोस्रो अधिवेशनमा ७९ बैठक बसे।

दोस्रो अधिवेशनमा २३ विधेयक पारित भए। तेस्रो अधिवेशन २०७५ पुस १५ मा सुरु भएर २०७५ चैत १० मा ४६ बैठक बसेर सकियो। तेस्रो अधिवेशनमा १४ विधेयक पारित भए। चौथो अधिवेशन २०७६ वैशाख १६ मा सुरु भई २०७६ असोज २ गतेसम्म ६५ बैठक भए। चौथो अधिवेशनमा १८ विधेयक पारित भए। पाँचौं अधिवेशन २०७६ पुस ४ मा सुरु भई २०७६ चैत २४ गते २४ बैठक बसेर सकियो।

कोरोना भाइसरका कारण 'लकडाउन' सुरु भएको पाँचौं अधिवेशनमा चारवटा मात्रै विधेयक पारित भए। २०७७ वैशाख २६ गते सुरु भएर २०७७ असार १८ गते सकिएको छैटौं अधिवेशनले २६ बैठक बसेर १० वटा विधेयक पारित गऱ्यो। २०७७ पुस ५ गते पहिलोपटक प्रतिनिधिसभाको विघटन भएको थियो।

२०७८ जेठ ८ गते दोस्रोपटक प्रतिनिधिसभा विघटन भयो। २०७८ असार २८ गते दोस्रोपटक पनि प्रतिनिधिसभा पुनर्स्थापित भएपछि आठौं अधिवेशन २०७८ साउन ३ गते सुरु भएर साउन ३२ गतेसम्म १० बैठक बसेर सकियो।

आठौं अधिवेशनमा पनि कुनै विधेयक पारित भएनन्। २०७८ भदौ २३ गते नवौं अधिवेशन सुरु भयो। कात्तिक १२ गतेसम्म १३ बैठक बसेर सकिएको यो अधिवेशनभर विपक्षी दल एमालेले नौं महिनासम्म संसद् बैठक अवरुद्ध गऱ्यो। जसबाट विधेयक पारित गर्ने काममा अवरुद्ध भएको थियो।

२०७९ वैशाख ३० गते स्थानीय तहको निर्वाचन सम्पन्न भएपछि २०७९ जेठ ३ गते सुरु भएर २०७९ असोज १ गतेसम्म चलेको ११ औं अधिवेशनमा कुल ६८ बैठक बसे। यस अधिवेशनमा ३० वटा विधेयक पारित भए भने जरुरी सार्वजनिक महत्त्वका प्रस्तावहरूमाथि छलफल भयो।


## Invitation for Bids

Government of Nepal (GoN)
Department of Irrigation

### Sunsari Morang Irrigation Project, Biratnagar

**Invitation for Bids No: SMIP/NCB-03/079-80**

Date of publication: 5th Ashwin 2079 (21st September 2022)

1. **The Government of Nepal [GoN] has allocated funds** towards the cost of **Rehabilitation of Canal and construction of associated structures in Shankarpur Distributary Canal System, Sunsari** and intends to apply part of the funds to cover eligible payments under the Contract **for SMIP-03/NCB/079-80**. Bidding is open to all eligible as per Section V of bidding document.
2. **Sunsari Morang Irrigation Project, Biratnagar** invites electronic bids from eligible bidders for the **Rehabilitation of Canal and construction of associated structures in Shankarpur Distributary Canal System, Sunsari** under National Competitive Bidding, Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: **[NRs 37 Millions]**
   - Minimum Work experience of similar size and nature: **[Construction of 1 no of Surface Irrigation Project equivalent to NRs. 29 Million or more]**
3. Eligible Bidders may obtain further information at the office of Sunsari Morang Irrigation Project, Biratnagar, and Phone No: 021-471527, 471956, Email ID: smip_biratnagar@yahoo.com or may visit PPMO's website www.bolpatra.gov.np/egp.
4. Bidders are supposed to submit their bid electronically only and may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp. Bidders, submitting their bid electronically, should deposit the cost (non-refundable fee of NPR 5,000) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Agriculture Development Bank, Biratnagar
   Name of Office: District Treasury Comptroller's Office, Biratnagar
   Office Code no.: 308031303 Office Account no.: 0100201277009016
   Rajaswa (revenue) Shirshak no.: 14229
5. Pre-bid meeting shall be held at Sunsari Morang Irrigation Project, Biratnagar at 2:00 PM, 11th October 2022.
6. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 Noon, 21st October 2022. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 PM, 21st October 2022 at the office of Sunsari Morang Irrigation Project, Biratnagar. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format amounting to a minimum of NRs 14,00,000.00, which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The Employer reserves the right to amend or correct and accept or reject, wholly or partly, any or all the bids without assigning any reasons, whatsoever.

**Nepal Oil Corporation Limited**
Provincial Office, Madhesh Province
Amlekhgunj, Bara, Nepal
Tel: 053-570105/053-570102, Email: fda.amj@nepaloil.com.np

प्रभु बैंक लिमिटेड शाखा कार्याल
कर्जा चुक्ता गर्ने बारेको ३५ दिने
मार्फत् लि